# पञ्चकन्या गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
लाकुरीभञ्ज्याङ, नुवाकोट
बागमती प्रदेश, नेपाल

प.सं.:२०८२/०८३
सु.नं.: ४६

**लिखु र तादी खोलामा करेन्ट लगाई माछा मार्ने जस्ता गैरकानुनी कार्य नगर्न/नगराउन सम्वन्धी अत्यन्त जरुरी सुचना !**

**मिति: २०८३।०२।२६**

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हेलो सरकार तथा यस गाउँपालिकामा प्राप्त गुनासो तथा जानकारी अनुसार पञ्चकन्या गाउँपालिकाभित्र पर्ने लिखु र तादी खोलामा करेन्ट प्रयोग गरी माछा मार्ने गैरकानुनी कार्य भइरहेको भन्ने विषयमा गाउँपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ। करेन्ट, विषादी, विस्फोटक पदार्थ तथा अन्य अवैध माध्यम प्रयोग गरी माछा मार्ने कार्यले जलचर तथा जलीय जैविक विविधतामा प्रतिकूल असर पार्नुका साथै प्रचलित कानून बमोजिम दण्डनीय अपराध समेत हो। तसर्थ, पञ्चकन्या गाउँपालिकाका सम्पूर्ण नागरिक, माछा मार्ने व्यवसायी तथा सरोकारवालाहरूलाई यस्ता गैरकानुनी तथा वातावरण विनाश गर्ने कार्य नगर्न तथा नगराउन अनुरोध गरिन्छ। यदि यस्ता गतिविधिमा संलग्न भएको पाइएमा प्रचलित कानून बमोजिम आवश्यक कारबाहीका लागि सम्बन्धित निकायसँग समन्वय गरी कानूनी प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ। साथै, यस्ता गतिविधि भएको देखिएमा वा जानकारी प्राप्त भएमा सम्बन्धित वडा कार्यालय, गाउँपालिका कार्यालय वा नजिकको प्रहरी कार्यालयमा तत्काल जानकारी गराई सहयोग गरिदिनुहुन अनुरोध छ।

२०८३।०२।२६

हिराधन राई
प्रमुख प्रशासकीय अधिकृत

"शिक्षा, पर्यटन, पूर्वाधार, कृषि क्षेत्रमा लगाऔं सीप र ज्ञान ! समृद्ध पञ्चकन्या निर्माण हाम्रो अभियान !!"

Website: www.panchakanyamun.gov.np Email: panchakanya.ga.pa@gmail.com